annapurnapost.com

अन्नपूर्ण पोस्ट

अंक २७६ पृष्ठ ८ | काठमाडौं, आइतबार २७ माघ २०८१ | मार्ग शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४५ | SUNDAY, FEBRUARY 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

क्यान्सरविरुद्ध सचेतना

साइकल ‍्यालीको महाकुम्भ

अन्नपूर्ण मिडिया नेटवर्कले क्यान्सरविरुद्ध सचेतनाका लागि शनिबार साइकल ‍्याली गऱ्यो। भव्य उपस्थिति र हजारौंको सहभागिताका बीच ‍्याली सम्पन्न भयो। जसले वातावरणमैत्री साइकल चढ्न, व्यायाम गर्न र क्यान्सरविरुद्ध सचेत हुन सन्देश दियो।

राजकरण महतो | *काठमाडौं*
– को रिपोर्ट

समाचार पृष्ठ २

‍्यालीमा साइकल कुदाउँदै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल। कलिला बालबालिकादेखि महिला साइकल यात्रीको लोभलाग्दो सहभागिताले ‍्यालीको शोभा बढाएको थियो। साइकल यात्रीको नारा थियो, 'जय साइकल, जय पर्यावरण !'
● दिपेन श्रेष्ठ/अभिषेक महर्जन

२७ वर्षपछि दिल्लीमा भाजपा, केजरीवालले पनि हारे चुनाव

नयाँदिल्ली (एजेन्सी) : दिल्ली विधानसभा चुनावमा भारतीय जनता पार्टी (भाजपा) सानदार विजयी भएको छ। ७० सदस्यीय विधानसभामा भाजपाले ४८ सिट जितेको हो। योसँगै २७ वर्षपछि दिल्लीमा भाजपाले सरकार बनाउने निश्चित भएको छ। दिल्लीमा सरकार गठनका लागि ३६ सिट आवश्यक पर्छ।

भारतीय निर्वाचन आयोगका अनुसार सत्तासीन आम आदमी पार्टी (आप) २२ सिटमा खुम्चिएको छ। चुनावमा आपका प्रमुख एवं पूर्वमुख्यमन्त्री अरविन्द केजरीवाल पराजित भएका छन्। केजरीवाल भाजपाका प्रवेश बर्मासँग ४ हजार ८९ मतान्तरले पराजित भएका हुन्। केजरीवालले दिल्लीमा आफ्नो हार स्वीकार गरेका छन्। उनले सार्वजनिक अभिव्यक्ति सार्वजनिक गर्दै बीजेपीलाई जितका लागि बधाई पनि दिएका छन्। 'जनताको फैसलालाई मैले विनम्रताका साथ स्वीकार गरेको छु। जितको लागि बीजेपीलाई बधाई। हामी जनताको सुखदुःखबाट टाढा रहँदैनौं,' भिडियो वक्तव्य जारी गर्दै केजरीवालले भनेका छन्।

अघिल्लो विधानसभा निर्वाचनमा आपले दिल्लीमा ६२ सिट जितेको थियो। त्यसबेला बीजेपीले ८ सिटमात्र जितेको थियो। यसपटक बीजेपीले आपका थप ४० सिट कब्जा गरेको हो। दिल्लीका पूर्वउपमुख्यमन्त्री मनिष सिसोदिया पनि यसपटक पराजित भएका छन्। उनी भाजपा उम्मेदवार तरविन्दर सिंह मारवाहसँग पराजित भएका हुन्। चुनावमा वर्तमान मुख्यमन्त्री आतिशी भने विजयी भएकी छन्।

स्थानीय सञ्चारमाध्यमहरूका अनुसार उनले भाजपाका रमेश बिधुडीलाई ३ हजार ५ सय मतले पराजित गरेकी हुन्। भारतको संघीय संसद्को प्रमुख प्रतिपक्षी दल भारतीय नेसनल कांग्रेसले भने एक सिट पनि जित्न सकेन। आतिशीले पनि पार्टीको हार स्वीकार गरेकी छन्। उनले बीजेपीको 'गुन्डागर्दीविरुद्ध' आफूहरूको अभियान जारी रहने उल्लेख गरेकी हुन्।

ज्वेलर्सबाट वित्तीय कारोबार, सञ्चालक पक्राउ

विराटनगर (अन्नपूर्ण): कानुनविपरीत वित्तीय कारोबार गर्ने विराटनगरका एक जना ज्वेलर्स (सुनचाँदी पसल) का सञ्चालक पक्राउ परेका छन्।

वित्तीय कारोबार गरेर सर्वसाधारणको लाखौं रुपैयाँ डुबाएको आरोपमा विराटनगर महानगरपालिका-८ का ३८ वर्षीय पवन श्रेष्ठलाई पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए। उनका अनुसार श्रेष्ठले विराटनगर-७ मेन रोडमा चाँदनी गहना शो-रुम नाम दिएर सुनचाँदी पसल सञ्चालन गर्दै आएका थिए।

उनी पक्राउ परेसँगै विराटनगरमा सुनचाँदी पसल सञ्चालनका नाममा ज्वेलर्सबाट गैरकानुनी रूपमा आर्थिक एवं वित्तीय कारोबार हुने गरेको प्रस्ट भएको प्रहरीको भनाइ छ। श्रेष्ठ आफ्नो पसल बन्द गरेर केही समयदेखि फरार थिए। 'पासबुक'मार्फत वित्तीय कारोबार गरी सर्वसाधारणको लाखौं रुपैयाँ ठगी गरेर फरार भएका श्रेष्ठलाई माघ २१ गते सुनसरीबाट पक्राउ गरिएको जोशीले बताए। श्रेष्ठबाट ठगीमा परेको भन्दै हालसम्म ११ जनाले जिल्ला प्रहरी कार्यालय मोरङमा जाहेरी दिइसकेका छन्।



जनकपुरमा अवैध अस्पतालको बिगबिगी, २० को अनुगमन गर्दा १९ अवैध

गोविन्द महतो | *जनकपुरधाम*

जनकपुरधामको मुस्कान अस्पतालले एक जना बिरामीको पित्तथैलीको अप्रेसन गऱ्यो। अवैध रूपमा सञ्चालित उक्त अस्पतालको लापरबाहीका कारण बिरामीको २० दिनसम्म होस आएको छैन। उक्त घटनापछि मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह शनिबार बिहानैदेखि निजी अस्पतालको अनुगमनमा जुटे। २० वटा निजी अस्पतालको अनुगमन गर्दा १९ वटा अवैध रूपमा सञ्चालनमा रहेको पाइयो।

मुख्यमन्त्री सिंह नेतृत्वको अनुगमन टोलीले जीवनज्योति हस्पिटल एन्ड रिसर्च सेन्टर, बीएन हस्पिटल एन्ड रिसर्च सेन्टर, जनकपुर सीता हस्पिटल, जनकपुर ग्रान्डी हस्पिटल प्रालि, साइन मल्टिस्पेसियालिटी हस्पिटल एन्ड ट्रमा सेन्टर, राम मेमोरियल हस्पिटल प्रालि, समर हस्पिटल, केयर मेडिकल सेन्टर, नेपाल अपोलो हस्पिटल, मिथिला केयर क्लिनिक, जनकपुर मोर्डन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि र माँ गायत्री मेमोरियल हस्पिटल प्रालि कतै पनि दर्ता नभई सञ्चालनमा रहेको जनाएको छ।

निजी अस्पतालको अनुगमन गर्दै मुख्यमन्त्री सतिशकुमार सिंह। ● गोविन्द महतो

यस्तै, म्याक्स हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, स्वितिका हेल्थ केयर अस्पताल प्रालि, लाइफ केयर एन्ड रिसर्च सेन्टर प्रालि, ओम दीर्घायु हस्पिटल प्रालि, अरमान हस्पिटल, नैनाँ हस्पिटल र मिहिला इन्टरनेसनल हस्पिटललगायतका निजी अस्पतालहरूको अनुगमन गरिएको थियो। जसमध्ये म्याक्स हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिको मात्र कागजात दुरुस्त रहेको पाइएको मुख्यमन्त्री सिंहले जानकारी दिए।

» बाँकी पृष्ठ ५

अझै होस आएन बिरामीको

मुस्कान अस्पतालमा पित्तथैलीको अप्रेसन गरेका बिरामीको अझै होस खुल्न सकेको छैन। अवैधानिक रूपमा सञ्चालित मुस्कान अस्पतालमा गत माघ ३ गते नै पित्तथैलीको अप्रेसन गरेकी सर्लाही हरिपुर्वा नगरपालिका– ५ की पविताकुमारी राय यादवको पित्तथैलीको अप्रेसन गर्दा उनी जीवनमरणको दोसाँधमा जुधिरहेकी छिन्।

बबिता यादवका बुवा ब्रह्मदेवका अनुसार बिचौलिया सुशीलकुमार यादवमार्फत पविताको मुस्कान अस्पतालमा अप्रेसन गरिएको थियो। डाक्टर ज्ञानकुमार साहले पित्तथैलीको अप्रेसन गरेका थिए। तर अप्रेसनसँगै पविताको होस हराएको थियो।

» बाँकी पृष्ठ ५